**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

BROADCAST: 18:40 hrs. Date: 14.10.2025

1. Union MoS Sikkim visit

केन्द्रीय उपभोक्ता मामिला राज्यमन्त्री निमुबेन जयन्तीभाई बम्भानिया भोलिदेखि तीन दिनको लागि सिक्किम भ्रमणमा आउने कार्यक्रम छ। मन्त्रीले भोलि रम्फुमा भारतीय खाद्य निगम र खाद्य भण्डारण डिपोको भ्रमण गर्नु हुनेछ। राज्यमन्त्री भोलि साँझ सिक्किमको गान्तोकस्थित राज्य सरकारको खाद्य तथा उपभोक्ता मामिला कार्यालयसित हुने बैठकमा सहभागी हुने कार्यसूचि रहेको छ।

2. Indra Hang Subba – VP

सिक्किमका लोकसभा सांसद सदस्य इन्द्र हाङ सुब्बाले आज नयाँ दिल्लीमा उपराष्ट्रपति सी. पी. राधाकृष्णनसित शिष्टाचार भेट गर्नुभयो। भेटघाटका क्रममा श्री सुब्बाले सिक्किम राज्यसँग सम्बन्धित प्रमुख मुद्दाहरू उजागर गर्ने विस्तृत ज्ञापनपत्र बुझाउनुभयो। श्री सुब्बाले प्रस्तुत गर्नुभएको ज्ञापनपत्रमा सिक्किमका आठ प्रमुख मुद्दाहरूलाई प्रकाश पारिएको छ। जसमा लामो समयदेखि थाँतीमा रहेको सिक्किमका १२ वटा छुटेका समुदायहरूलाई अनुसूचित जनजातिको सूचीमा समावेश गर्नु, लिम्बू र तामाङ समुदायका लागि विधानसभा सिटहरूको आरक्षण सुनिश्चित गर्नु, परम पावनको १७ औं कर्मापाको सिक्किम भ्रमणलाई सहजीकरण गर्नु, राष्ट्रिय राजमार्ग-१० का सम्पर्क सुविधामा देखा परेका समस्याहरूको समाधान निकाल्नु, रेलवे सम्पर्क सुविधा र विस्तारको निर्माण सम्पन्न गर्नु, उत्तर सिक्किम राजमार्गको पुनर्स्थापना गर्नु, पश्चिम सिक्किमको सम्पर्क सुविधा र चिवाभञ्ज्याङमा भारत-नेपाल सीमा विकास गर्नु अनि पाकिम विमानस्थललाई पुनः सञ्चालनमा ल्याउनु जस्ता मुद्दाहरू समावेश छन्। प्राप्त जानकारीअनुसार उठान गरिएका मागहरूमा माननीय उपराष्ट्रपतिले सकारात्मक प्रतिक्रिया दिनुभएको छ, उहाँको कार्यालयबाट यथासम्भव सहयोग गर्ने आश्वासन पनि प्राप्त भएको छ।

3. Gyalsing – JJM – Vishnu Neopany

गेजिङ जिल्लाका जिल्लापाल तेञ्जिङ डी डेञ्जोङ्पाको सक्रिय निर्देशनमा, आज गेजिङ जिल्लामा जल जीवन मिसनको समीक्षा बैठक सम्पन्न भएको छ। बैठकमा सम्बन्धित विभागका वरिष्ठ अधिकारीहरूको उपस्थिति रहेको थियो। बैठकमा कोलकातास्थित श्यामाप्रसाद मुखर्जी राष्ट्रिय जल तथा सरसफाइ संस्थान SPM-NIWAS का विशेषज्ञ प्रकाश चन्द्र नायकले वर्तमान जल जीवन मिशन  र यसका योजनाहरूबारे विस्तृत जानकारी दिनुभयो। योजनाहरूको कार्यान्वयनको प्रभावकारिता सुनिश्चित गर्न टोलीले भोलिदेखि १७ अक्टोबरसम्म हितधारकहरूसँग बैठक गर्ने कार्यक्रम तय भएको छ। यस समीक्षात्मक बैठकले गेजिङ जिल्लामा स्वच्छ र सुरक्षित पेय जलको पहुँचमा सुधार गर्न मद्दत पुग्ने विश्वास गरिएको छ।

4. Smart Proposals – Smart Governance

डिजिटल दक्षता बढाउने र डिजिटल जनसम्पर्कको तयारीमा कृत्रिम बुद्धिमत्ता (एआई) को प्रयोगलाई प्रवर्द्धन गर्ने उद्देश्यले आजदेखि पाकिममा सरकारी अधिकारीहरूका लागि एक दिने तालिम सत्र सुरु भयो। यो तालिम सिक्किम सरकारको विज्ञान र प्रविधि विभाग, सिक्किम राज्य विज्ञान तथा प्रविधि परिषदद्वारा आयोजना गरिएको हो। अक्टोबर १७ सम्म जारी रहने यस तालिमको उद्देश्य सहभागीहरूलाई आधुनिक एआई-को माध्यमले कार्य कुशलतामा पोख्त बनाई कार्यालयका कामकुराहरू सञ्चालन गर्न दक्ष बनाउनु हो। विज्ञान तथा प्रविधि विभागका निर्देशक सुमन थापाले एआई उपकरणहरूको क्षमतालाई पूर्ण रूपमा उपयोग गर्न प्रोत्साहित गर्नुभयो। तालिमको क्रममा, सहायक वैज्ञानिक अधिकारी र मुख्य श्रोत वक्ता डा. प्रतिभा राईले आर्टिफिसियल इन्टेलिजेन्सका बारेमा विभिन्न जानकारी गराउनुभयो। कार्यक्रममा विभिन्न विभागका अधिकारीहरू र विज्ञान तथा प्रविधि विभागका अधिकारीहरूको उपस्थिति रहेको थियो।

5. Ranji Trophy - IPR

वर्ष २०२५-२६ को रणजी ट्रफी भोलिदेखि सुरु हुँदैछ। उद्घाटन खेलमा आयोजक सिक्किमले मणिपुरसँग सिक्किम क्रिकेट ग्राउन्ड, माइनिङमा प्रतिस्पर्धा गर्ने छ। उल्लेख्य, रणजी ट्रफीमा सिक्किम र मणिपुरले एक अर्कासित पहिले पनि छ पटक भिडिसकेका छन्, जसमा सिक्किमले स्पष्ट अग्रता लिएको थियो। सिक्क्िमका कप्तान ली योङ लेप्चाका अनुसार उहाँको टोली यस सिजनमा जोडदार टक्कर दिन तयार छ।

6. Weather –

मौसम विज्ञान विभागका अनुसार गान्तोकमा आज अधिकतम तापक्रम २२.८ डिग्री सेल्सियस र न्यूनतम तापक्रम १३.९ डिग्री सेल्सियस रेकर्ड गरियो। भोलि अधिकतम तापक्रम २२ डिग्री सेल्सियस र न्यूनतम तापक्रम १४ डिग्री सेल्सियस रहने अनुमान गरिएको छ।

समाचार पूरा भयो, अब अघिल्लो समाचार लेप्चा भाषामा सुन्नुहोस्।